अनुसूची -२

(दफा ३ संग सम्वन्धित)

अमरगढी नगरपालिका

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड: ३ | संख्या : ६ | मिति : २०७५।१२।१३ |

भाग-२

अमरगढी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

# मदिरा विक्रि वितरण, व्यबस्थापन तथा नियमन कार्यविधि , २०७७

राज पत्रमा प्रकाशन मिति: २०७७।०९।०३

नामः बिश्वेश्वर प्रसाद ओझा
पदः नगर प्रमुख
प्रमाणिकरण मितिः २०७५।१२।१३

"मदिरा विक्रि वितरण, व्यवस्थापन तथा नियमन कार्यविधि " २०७५

## प्रस्तावना

अमरगढी नगरपालिका क्षेत्रभित्र अवैध रुपमा मदिरा उत्पादन, विक्री वितरणमा रोकथाम गर्नुका साथै मदिरा विक्री बितरण कार्यलाई व्यवस्थित र नियमन आवश्यक देखिएकाले अमरगढी नगर कार्यपालिकाले या कार्यविधि वनाई लागु गरेकोछ ।

## परिच्छेदः- १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नामः "मदिरा विक्रि वितरण,व्यवस्थापन तथा नियमन कार्यविधि"२०७५ रहेको छ ।
(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

**२) परिभाषा**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले **स्थानीय सरकार संचालन ऐन २०७४** लाई संझनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले अमरगढी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले अमरगढी नगरपालिकाको कार्यापालिका लाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "मदिरा"भन्नाले फलफूल वा अन्न कुहाई स्प्रिडको प्रयोग गरि वा अन्य कुनै तरिकाले तयार पारिने विदेशी वा स्वदेशी सबै किसिमको रक्सी र बियर समेतलाइ जनाउंछ ।

(च) "डिलरवाला भन्नाले" अमरगढी नगरपालिका भित्र रक्सीको थोक बिक्री गर्ने तथा अधिकृत विक्रेताको अनुमती प्राप्त विर्केतालाइ सम्झनु पर्दछ ।

(छ) "होटल भन्नाले" भोजन खानपिनको प्रबंन्ध भई वा नभई बसोबासको सुविधा दिने गरि व्यवसायिक आधारमा चलाइएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुरां समेतलाइ जनाउंछ ।

(ज) "सभा" भन्नाले नगरपालिकाको सभा लाई संझनु पर्दछ ।

(झ) "प्रमुख" भन्नाले अमरगढी नगरपालिकाकाको नगर प्रमुख लाई सम्झनु पर्दछ ।

(ञ) "उप प्रमुख" भन्नाले अमरगढी नगरपालिकाको उप प्रमुख सम्झनुपर्दछ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अमरगढी नगरपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी सम्झनु पर्दछ ।

(ड)"वडा अध्यक्ष" भन्नाले अमरगढी नगरपालिकाका विभिन्न वडावाट निर्वाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ढ) "सचिव" भन्नाले अमरगढी न.पा. कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ वडाको हकमा सम्बन्धित वडा सचिव लाई सम्झनु पर्दछ ।

(ण) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम संम्झनु पर्दछ ।

(त)"समिति"भन्नाले प्रत्येक वडामा गठित **वडा स्तरिय मदिरा व्यवस्थापन समिति** लाई सम्झनु पर्दछ ।

(थ)"मूल समिति" भन्नाले अमरगढी नगरपालिकामा गठित अमरगढी नगरपालिकाको मदिरा विक्रि वितरण व्यवस्थापन तथा नियमन समिति लाई सम्झनु पर्दछ ।

## परिच्छेदः–२
## समिति गठन सम्बन्धि व्यवस्था

३) मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न देहाएको मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) नगरपालिकाको नगर प्रमुख | संयोजक |
| (ख) उप–प्रमुख | सदस्य |
| (ग) वडा अध्यक्ष | सदस्य |
| (घ) जिल्ला प्रहरी कार्यालयको प्रहरी उपरिक्षक वा निजले तोकेको प्रहरी अधिकृत | सदस्य |
| (ङ) होटेल व्यवसायीहरुको छाता संगठनको अध्यक्ष | सदस्य |
| (च) मदिरा नियन्त्रण सम्वन्धि कार्यरत नागरिक संघ संस्था,आमा समुह वाट (कम्तिमा १ जना महिला सहित) नगर प्रमुखले तोकेको २ जना | सदस्य |
| छ) नगर/जिल्ला स्तरीय उद्योग वाणिज्य संघको अध्यक्ष | सदस्य |
| ज) नगर/जिल्ला स्तरीय मदिरा व्यवसाय समितिको अध्यक्ष | सदस्य |
| (छ) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

नगर प्रमुख

५. मूल समितिको काम कर्तव्य र अधिकार

क) मदिराको बिक्री वितरणलाई व्यवस्थित गरि नगरमा हुने विकृति विसंगतिलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

ख) वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन तथा आवश्यक समन्वय गर्ने ।

ग) मदिराको बिक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस कार्यविधिलाई कडाइका साथ लागु गर्ने गराउने ।

घ) यो कार्यविधि विपरीत मदिरा बिक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने ।

ङ) मदिरा बिक्री वितरण व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने ।

च) वडा समितिको काम कारवाहीको अनुगमन गर्ने ।

६. मदिराको बिक्री वितरण लाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाए वमोजिम वडा स्तरिय मदिरा व्यवस्थापन समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) सम्वन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| (ख) सम्वन्धित वडाका वडा सदस्यहरु | सदस्य |
| (ग) वडा प्रहरी कार्यालयको इन्चार्ज वा निजले तोकेको प्रहरी कर्मचारी | सदस्य |
| (घ) सम्वन्धित वडाका टोल विकास संस्थाहरुको अध्यक्षहरु मध्ये वाट संयोजकले तोकेको कम्तिमा १ महिला सहित २ | सदस्य |
| (ङ)सम्बन्धित वडाका नागरिक संगठन, संघ संस्था, आमा समुहको प्रतिनिधि मध्ये वडा संयोजकले तोकेको व्यक्ति | सदस्य |
| (च)सम्वन्धित वडाको वडा सचिव | सदस्य सचिव |

७. वडा स्तरीय मदिरा व्यस्थापन समितिको काम कर्तव्य र अधिकार:

क) वडामा यस कार्यविधि वमोजिम मदिरा बिक्री वितरण सेवन भएको छ छैन ? सो को अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने ।

ख) यस कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ग) यस कार्यविधिको पालन नगर्ने लाई यस कार्यविधिका वमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

घ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

ङ) यस कार्यविधि वमोजिम आफुले गर्नु पर्ने अन्य कार्य गर्ने ।

नगर प्रमुख

## परिच्छेदः–३

## मदिरा व्यवस्थापन कोष सम्बन्धि व्यवस्था

८. यस कार्यविधि विपरित मदिरा विक्री वितरण र सेवन गर्ने व्यक्तीबाट यस कार्यविधि बमोजिम उठेको जरिवाना रकमको ६० प्रतिशत वडा समितिमा र ४० प्रतिशत यस समितको बैंकमा खाता खोली छुट्टै कोष स्थापना गरिनेछ ।

क) कोषको संचालन मदिरा व्यवस्थापन कोषको संचालन मूल समितिको संयोजक र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त दस्तखतबाट गरिनेछ । वडामा रहेको ६० प्रतिशत रकम वडाले समितिको नाममा खाता खोली समिति संयोजक तथा सदस्य सचिवको संयुत्त दस्तखतबाट संचालन गरी आवश्यक अनुसार खर्च गर्न सक्नेछ ।

ख) वडा स्तरीय मदिरा व्यस्थापन समितिले जरिवाना वाट उठाएको रकम ६० प्रतिशत वडा समितिमा र ४० प्रतिशतमूल समितिको कोषमा दाखिला गर्नु पर्नेछ ।

९. कोषको रकम खर्च सम्वन्धिति समितिको निर्णय अनुसार देहाए वमोजिम खर्च गरिनेछ ।

क) गंभिर रोग लागेका तर आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तीलाई आर्थिक सहयोग गर्ने ।

ख) घरेलु हिंसामा परेका महिलाहरुलाई आवश्यक् जिवीको पार्जनका लागि आवश्यक सहयोग गर्ने ।

ग) बेवारिसे व्यक्ती मरी लाश सदगद गर्नु परेमा

घ) समितिले उचित ठहरयाएको अन्य सामाजिक सेवामा ।

ङ) मदिरा सेवन विरुद्धका जनचेतना मुलक कार्यक्रमहरुमा ।

नगर प्रमुख

## परिच्छेदः–४

## मदिराको बिक्री वितरण र व्यवस्थापन सम्बन्धि व्यवस्था

१०. मदिराको विक्री वितरण गर्दा समाजमा शान्ति सुव्यवस्था अमन चयन नखल्वलिने, घरेलु हिंसा, समाजमा झै-झगडा नहुने र शान्ति कायम हुने गरि मात्र गर्नु पर्नेछ ।

क) मदिरा बिक्रि वितरण गर्दा थोक विक्रेताले विहान ८ वजे देखी वेलुकी ७ वजे सम्म ,खुद्रा विक्रेता र मुख्य विक्रेताले विहान ९ वजे देखी वेलुकी ८ वजे सम्म र विर्को खोली मदिरा व्यवसाय गर्नेले दिउंसो २ वजे देखी रात्री ९ वजे सम्म मात्र वेच विखन गर्न पाइनेछ ।

ख) अमरगढी नगरपालिकाका वजार क्षेत्र वाहेकको हकमा सार्वजनीक स्थान विद्यालय, स्वास्थ्य संस्था, मंन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्वका स्थानवाट ५०० मिटर भित्र वेचविखन गर्न पाईने छैन ।

ग) मदिरा विक्री वितरणको कारोवार गर्न अनुमति लिएकाहरुले सो वाहेक सोहि ठाउंमा अन्य व्यवसायको कारोवार गर्न पाउने छैन । र एउटै फर्मको नामवाट अर्को शाखा खोली व्यवसाय गर्न पाईने छैन ।

घ) किराना, खाद्यान्न, तरकारी, औषधि, मासु, कपडा, फलफुल लगायतका कुनै पनि पसलवाट मदिरा विक्री वितरण गर्न पाईने छैन ।

ङ) होटेल रेष्टुरेन्टले मदिरा प्रत्यक्ष वाहिर प्रदर्शन हुने गरि राख्न पाईने छैन ।

च) मदिराको स्विकृति लिएका होटेलहरुमा खाना वास क्षेत्र वाहेक मदिरा सेवन रेष्टुरेन्ट वार अलगै हुनु पर्नेछ ।

छ) १८ वर्ष भन्दा मुनीका व्यक्तिलाई मदीरा विक्री वितरण र ओसार पसार गर्न गराउन पाईने छैन ।

ज)१. वडा समितिले मदिरा व्यवसायको लागी सिफारिस गर्दा अनिर्वाय रुपले टोल विकाससंस्थाको सिफारिस,आमा समूहको सिफारिस तथा सर्जमिन मुचुल्का पेश गर्नु पर्ने छ ।

११. कारवाही सम्वन्धी व्यवस्थाः- यो कार्यविधि विपरित मदिरा विक्री वितरण गरेमा देहाए वमोजिम जरिवाना गरिनेछ ।

क) पहिलो पटक रु.५०००।- जरिवाना

ख) दोश्रो पटक रु.१०,०००।- जरिवाना

ग) तेश्रो पटक रु.२०,०००।- जरिवाना

घ) सो भन्दा बढी पटक-पटक भएमा ईजाजत पत्र खारेज गर्न सम्वन्धीत निकायमा सिफारिस गरिने छ ।

१२.१ यस कार्यविधि विपरित मदिरा सेवन गरि समाजमा शान्ति सुव्यवस्था अमन चयन खल्वल्याउने, झै-झगडा गर्ने, हो हल्ला गर्ने जस्ता कार्य गरेको/हिडेको पाइएमा देहाए बमोजम जरिवाना गरिनेछ ।

नगर प्रमुख

क) पहिलो पटक लाई रु.१५००।- जरिवाना
ख) दोश्रो पटक लाई रु.२५००।- जरिवाना
ग) तेश्रो पटक लाई रु.५१००।- जरिवाना
घ) सो भन्दा वढी पटक भएमा हरेक पटक १०,०००।- जरिवाना गरिनेछ ।

१२.२ अमरगढी नगरपालिका कार्यालयमा कार्यरत कर्मचारी तथा स्वयमसेवीका आमा समुह लगायतले विना ईजाजत वा अनुमति विना मदिरा वेचविखन गरेमा तथा कर्मचारिले कार्यालय समयमा सेवन गरेको पाईएमा सत प्रतिशत जरिवाना थप गरी विभागीय कारवाही समेत गरनिछ ।

१२.३ यदी कुनै व्यीक्तले उपरोत्त अनुसारको जरिवना तिर्न इनकार गरेमा निजलाई वडा कार्यालय तथा नगरपालिका वाट प्राप्त सेवा सुविधा रोक्का राखी कार्यवाही गर्न सक्नेछ ।

१२.४वडा कार्यालयवाट मदिरा व्यवसायका लागी सिफरिस माग गर्दा टोल विकास संस्थाको सिफरिस,आमा समुहको सिफारिस तथा सर्जमिन मुचूल्का अनिर्वाय रुपमा संकल्न गर्नु पर्नेछ ।

१३.नगरवासीको कर्तव्यः– यो कार्यविधिलाइ परिपालन गर्नु गराउनु प्रत्येक नगरवासीको कर्तव्य हुनेछ ।

१४. कार्यविधि अर्न्तगत रहि यो कार्यविधिलाई कार्यन्वयन गर्न नगरपलिकाले अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

१५. मदिरा विकी वितरण व्यवस्थापन तथा नियमनका लागी नगरपालिकाले आवश्यकता अनुसार थप नियम तथा कार्यविधी बनाइ लागु गर्न सक्नेछ ।

नगर प्रमुख

प्रदेस सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रादेशिक सुशासन केन्द्र

## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

### स्थानीय तहहरुको अवस्था पहिचान फारम

प्रदेश तथा स्थानीय सरकारको क्षमता बिकासमा सहयोग गर्दै नेपालमा संघियता कार्यन्वयनलाई टेवा पुरयाउनको लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यन्वयनको चरणमा रहेको सन्दर्भमा स्थानीय सरकारको वर्तमान अवस्था पहिचान गर्न र तत् किसिमले क्षमता बिकासको क्रियाकलापहरुको तर्जुमा तथा कार्यान्वयनलाई अगाडि बढाउन सहयोग पुगोस भन्ने अभिप्रायले यो तथ्यांक संकलन फाराम तयार गरिएको छ |स्थानीय तहमा सहभागितात्मक रुपमा भरेर प्रमुख प्रशासकीय अधिकृत ज्यूको दस्तखत र छाप सहित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम पुन्ना डोटीमा आइपुग्ने गरी इमेल regmisrijana05@gmail.com मा पठाइदिनु हुन र आबश्यक जानकारीको लागि फोन न. ०९४-५९००३९ मा सम्पर्क गर्नु हुनको लागि अनुरोध गर्दछौं | यसमा उपलब्ध सूचना गोप्य राखिने छ |

**१. स्थानीय तहको नाम तथा ठेगाना :**

| | | | |
|---|---|---|---|
| स्थानीय तहको नाम | अमरगढी नगरपालिका | सम्पर्क इमेल: | ito.amargadhimun@gmail.com, info@amargadhimun.gov.np |

**२. विभिन्न सूचक अनुसारको अवस्था**

| योजना / प्रोफाइल | बनेको छ/ छैन | बनेको भए कहिले बनेको (बर्षमा) | नबनेको भए, के बनाउने योजना छ ? कहिले ? | स्थानीय तहले कति बजेट योगदान गर्न सक्छ ? रु. मा | कैफियत |
|---|---|---|---|---|---|
| आवधिक योजना | छ | २०७७ असार मसान्त | | २ करोड ७० लाख | |
| राजश्व सुधार योजना | छैन | | | | |
| क्षमता विकास योजना | छ | २०७७ असार मसान्त | | | आवधिक योजना सँग सम्बन्धीत |
| विपद् योजना | छैन | | | | |
| प्रोफाइल | छ | २०७५ | | | |
| GESI निर्देशिका | छैन | | | | |
| अन्य क्षेत्रगत योजना | छैन | | | | |

**३. गत आ.व. २०७६/७७ मा संघिय/प्रदेश सरकारबाट प्राप्त अनुदान तथा पालिकाबाट संकलित राजश्वको अवस्था**

| क्र.स. | अनुदानको प्रकार | श्रोत (रू. हजारमा) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | संघीय सरकार | प्रदेश सरकार | आन्तरिक राजश्व संकलन | |
| १ | वित्तीय समानिकरण अनुदान | ९ करोड ६० लाख | ६७ लाख ७५ हजार | ४ करोड २९ लाख ४९ हजार | |
| २ | सशर्त अनुदान | २१ करोड ७२ लाख ५९ हजार | ७१ लाख १५ हजार | ६ लाख ५ हजार | |
| ३ | बिशेष अनुदान | २८ लाख ८७ हजार | २३ लाख ६० हजार | | |
| ४ | समपुरक अनुदान | ९५ लाख ५७ हजार | २३ लाख ६० हजार | | |
| | जम्मा | ३२ करोड ५७ लाख ३ हजार | १ करोड ८६ लाख १० हजार | ४ कोरोड ४० लाख ४९ हजार | |

**४. बेरुजुको अवस्था :**

| | | | |
|---|---|---|---|
| जम्मा बेरुजु रकम | | बेरुजुका प्रमुख कारणहरु | |

आज्ञाले

गणेश सिँह ऐरी

प्रमुख प्रशासकीय अधिकृत

अमरगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, डडेल्धुरा